TRIBHUVAN UNIVERSITY
INSTITUTE OF ENGINEERING

# PULCHOWK CAMPUS

PULCHOWK, LALITPUR

मितिः २०७१।०७।१९

## इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसको स्नातकोत्तर (M. Sc.) तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०७१/७२ का लागि स्नातकोत्तर **(M. Sc.)** तहमा भर्नाका लागि २०७१ कार्तिक महिनामा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुको लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशन गरिएको छ ।

| सि. नं. | कार्यक्रम | | मिति र समय |
|---|---|---|---|
| १. | Online Application Form भर्ने | : | २०७१/७/२० गते विहान १०:०० बजेदेखि २०७१/७/२४ गते अपरान्ह ३:०० बजेसम्म । |
| २. | Teachers/Sponsored/Foreign Quota को लागि निवेदन दिनुपर्ने | : | २०७१/७/२१ गते विहान १०:०० बजेदेखि २०७१/७/२४ गते अपरान्ह ३:०० बजेसम्म कार्यालय समय भित्र सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ । |
| ३. | आवेदकहरुको नामावलि प्रकाशन | : | २०७१/७/२५ गते विहान १०:०० बजे । |
| ४. | प्राथमिकता थपघट / संशोधन | : | २०७१/७/२५ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ५. | प्रथम सूची प्रकाशन | : | २०७१/७/२७ गते विहान १०:०० बजे । |
| ६. | प्रथम सूची उपर दावि विरोध | : | २०७१/७/२७ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ७. | संशोधित प्रथम सूची प्रकाशन | : | २०७१/७/२७ गते बेलुका ७:०० बजे । |
| ८. | प्रथम सूचीको भर्ना | : | २०७१ कार्तिक २८, २९ र ३० गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म (विस्तृत जानकारी प्रथम भर्ना सूची संगै प्रकाशन गरिनेछ) । |
| ९. | दोस्रो सूची प्रकाशन | : | २०७१/८/२ गते विहान १०:०० बजे । |
| १०. | दोस्रो सूची उपर दावि विरोध | : | २०७१/८/२ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| ११. | संशोधित दोस्रो सूची प्रकाशन | : | २०७१/८/२ गते बेलुका ७:०० बजे । |
| १२. | दोस्रो सूचीको भर्ना | : | २०७१ मंसिर ३ र ४ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १३. | तेस्रो सूची प्रकाशन | : | २०७१/८/६ गते विहान १०:०० बजे । |
| १४. | तेस्रो सूची उपर दावि विरोध | : | २०७१/८/६ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १५. | संशोधित तेस्रो सूची प्रकाशन | : | २०७१/८/६ गते बेलुका ७:०० बजे । |
| १६. | तेस्रो सूचीको भर्ना | : | २०७१ मंसिर ७ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म । |
| १७. | यस पछिका भर्ना कार्यक्रमका लागि सूचना | : | २०७१ मंसिर ७ गते बेलुका ७:०० बजे । |

**द्रष्टब्य:** उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकाष्मिक विदा परेमा समेत यस भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत संचालन रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

यस क्याम्पसमा M. Sc. तहमा भर्ना हुन चाहने आवेदकहरूका लागि भर्ना सम्बन्धी विस्तृत सूचना निम्न अनुसार दिइएको छ । Online Application Form भर्दा Information Brochure on Entrance Examination and Admission for M.Sc. Programs at Pulchowk Campus 2071 र विस्तृत सूचना ध्यान दिएर पढ्न र सोहि अनुसार तोकिएको मिति र समयभित्र आवश्यक प्रक्रिया पुरा गर्न सूचीत गरिन्छ । कुनै थप जानकारीका लागि वा कुनै द्विविधा भएमा सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा सम्पर्क राख्न सकिने ब्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

## १. अनलाइन फारम भर्ने ब्यवस्था

यस क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा भर्ना हुनको लागि निम्न अनुसारको मिति र समयभित्र Online Application Form भर्नु पर्नेछ । Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page प्रिन्ट गरि राख्नु पर्नेछ र Confirmation Page मा उल्लेख भए अनुसारको रकम सिद्धार्थ बैंक लिमिटेड, पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा यथाशिघ्र जम्मा गरी बैंक भौचर समेत साथमा राख्नु पर्नेछ ।

- Online Application Form उपलब्ध हुने Website: www.pcampus.edu.np
  www.ioe.edu.np
- Online Application Form उपलब्ध हुने समय: २०७१/०७/२० गते विहान १०:०० बजे देखि
  २०७१/०७/२४ गते बेलुका ३:०० बजेसम्म
- बैंकमा रकम बुझाउने अन्तिम मिति: २०७१/०७/२४ गते बेलुका ४:०० बजेसम्म

आवेदकले आवेदन शुल्क बुझाएको रकम र समय Bank Statement संग कम्प्युटर प्रविधिबाट रुजु गरिने भएकोले तोकिएको समय २०७१/०७/२४ गते बेलुका ४:०० बजे भित्रमा Confirmation Page मा उल्लेख भए अनुसारको पुरा रकम बुझाउन सूचित गरिन्छ । यसमा अन्यथा हुन गएमा Online Application Form स्वीकार्य नहुने भएकोले यस तर्फ सजग गराइएको छ ।

भर्नाका लागि Online फारम भर्दा आवेदन शुल्क रु. २००/- लाग्नेछ र सो शुल्कबाट एक विषयको लागि आवेदन गर्न सकिनेछ । एक मात्र विषयको लागि आवेदन शुल्क रु. २००/- बाहेक कुनै थप शुल्क लाग्ने छैन । तर एक भन्दा बढी विषयलाई प्राथमिकता क्रममा राखी फारम भरेमा प्रति विषय रु. २००/- का दरले थप शुल्क लाग्नेछ । कुनैपनि कार्यक्रमको नियमित (Regular) र पूर्णशुल्किय (Full-Fee) दुवैमा प्राथमिकताक्रम राखी आवेदन दिएको खण्डमा यसलाई दुई विषय मानिनेछ ।

## २. कार्यक्रम अनुसार भर्ना सिट संख्या

यस पुल्चोक क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुमा भर्ना क्षमता निम्न अनुसार रहेको छ:

| Program | Regular | | Full Fee / Sponsored | | | Total |
|---|---|---|---|---|---|---|
| | Regular * | IOE Reserved + | Full Fee * | Sponsored ++ | Scholarship ** | |
| Urban Planning | 5 | 1 | 6 | 8 | | 20 |
| Information & Communication Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Structural Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Power System Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Renewable Energy Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Water Resources Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Geo-Technical Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Transportation Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Disaster Risk Management | 5 | 1 | 6 | 8 | | 20 |
| Computer System and Knowledge Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| Energy System Planning and Management | 5 | 1 | 6 | 8 | | 20 |
| Environmental Engineering | 5 | 1 | 6 | 8 | | 20 |
| M.sc in Construction Management | 5 | 1 | 6 | 8 | | 20 |
| Technology and Innovation Management | 5 | 1 | 4 | 6 | | 16 |
| Climate change and Development | 5 | 1 | 6 | 8 | | 20 |
| Material Science | 5 | 1 | 6 | 8 | | 20 |

* हरेक कार्यक्रममा नियमित (Regular) तर्फ १ तथा पूर्णशुल्किय (Full Fee) तर्फ १ स्थान महिला कोटाको लागि सुरक्षित गरिएको छ ।

\+ IOE Reserved Quota मा इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पसमा कार्यरत स्थायी शिक्षकलाई प्राथमिकता दिइनेछ र स्थायी शिक्षकको आवेदन नपरेको खण्डमा कम्तिमा पाँच वर्ष करार सेवामा कार्यरत रहेका शिक्षकलाई उक्त कोटा प्रदान गरिनेछ । नियमानुसार योग्य आवेदकको आवेदन नपरी स्थान रिक्त हुन आएमा उक्त सिट नियमित तर्फ गणना गरिनेछ ।

++ Sponsored Quota मा तोकिएको सिट संख्या अनुसार भर्ना नभई स्थान रिक्त रहन आएमा उक्त सिट Full-Fee तर्फ गणना गरिनेछ ।

** Merit का आधारमा ५० प्रतिशत सिटहरू महिलाहरूका लागि सुरक्षित गरिएको छ ।

## ३. कार्यक्रम अनुसार भर्नाका लागि आवश्यक न्युनतम योग्यता

स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा भर्ना हुन निम्न अनुसारको Eligibility Requirement आवश्यक भएकोले आफुले दिएको Entrance Stream तथा आफ्नो Pre-requisite Degree अनुसार मात्र आवेदन फारम भर्न सूचित गरिन्छ ।

| SN | Programs | Eligibility Requirements | |
|---|---|---|---|
| | | **Entrance stream** | **Pre requisite degree** |
| 1. | Urban Planning | Urban Planning | B.Arch./BE (Civil) M.A.(Geography) or equivalent |
| 2. | Information & Communication Engineering | EC/EE | BE (Electronics/Electrical/Computer) or Equivalent |
| 3. | Structural Engineering | CA | BE (Civil) or equivalent |
| 4. | Power System Engineering | EE | BE (Electrical) or equivalent |
| 5. | Renewable Energy Engineering | EC/EE/CA/MI/AS/PA | B.Arch/BE in any field |
| 6. | Water Resources Engineering | CA | BE (Civil or Agriculture) or equivalent |
| 7. | Geo-Technical Engineering | CA | BE (Civil) or equivalent. |
| 8. | Transportation Engineering | CA | BE (Civil) or Equivalent |
| 9. | Technology and Innovation Management | PA/CA/EE/EC/MI | B.Arch/BE in any field |
| 10. | Disaster Risk Management | Any | BE/BArch and M.Sc or MA or Minimum 4 years formal education after 10+2(Except BE/ BArch 2 years work experience in Disaster Risk Management), Civil, Agriculture |
| 11. | Energy System Planning and Management | EC/EE/CA/MI/PA | BArch/BE in any field |
| 12. | Computer System and Knowledge Engineering | EC | Bachelors degree in computer/electronics and communication engineering, electrical and electronics engineering or its equivalent from recognized institutions |
| 13. | Environmental Engineering | CA | BE (Civil or Agriculture) or equivalent |
| 14. | Construction Management | CA/PA | BE (Civil or Agriculture) or equivalent |
| 15. | Climate Change and Development | PA/CA/EE/EC/MI/AS | 4 Years Bachelors in engineering/Agriculture/Forestry/Science |
| 16. | Material Science | PA/CA/EE/EC/MI/AS | 4 Years Bachelor Engineering/Science or M.Sc. in Science who have completed 3 years bachelor degree |

## ४. कार्यक्रम स्थगन हुन सक्ने

क्याम्पसले आन्तरिक श्रोत परिचालन गरी सञ्चालन गरेका स्नातकोत्तर तहका कार्यक्रमहरु मध्ये कुनै पनि कार्यक्रममा प्रथम भर्ना सूची प्रकाशन हुने समयसम्म पुर्णशुल्किय र प्रायोजित कोटाको ६० प्रतिशत सिट पुरा हुने नदेखिएमा क्याम्पसले सो कार्यक्रमलाई त्यस वर्षको निम्ति स्थगन गर्न सक्नेछ । यस्तो अवस्थामा स्थगित भएको कार्यक्रमलाई गणना नगरी भर्ना सूची प्रकाशन गरिनेछ ।

## ५. प्राथमिकता क्रममा थपघट वा संशोधन

Online Application Form भर्दा तोकिएको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०७१/७/२५ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेभित्रमा निम्नानुसारको थप शुल्क सहितको बैंक भौचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

- प्राथमिकता संशोधन शुल्क रु. २००/-
- विषय थप गर्नु परेमा प्रति विषय रु. २००/-
- प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

## ६. IOE Reserved Quota अन्तर्गत आवेदन सम्बन्धमा

IOE Reserved Quota मा इ. अ. संस्थानमा कार्यरत स्थायी शिक्षकहरूलाई प्राथमिकता दिइनेछ । स्थायी शिक्षक नभएको खण्डमा कम्तिमा पाँच वर्ष सेवा गरिसकेका अस्थायी शिक्षकलाई भर्ना गर्न सकिनेछ । तर IOE Reserved Quota मा छनोट भएका अस्थायी शिक्षकको हकमा सम्बन्धित कार्यक्रममा अध्ययनका लागि लाग्ने सम्पूर्ण शुल्क आवेदक स्वयंले ब्यहोर्नु पर्नेछ ।

IOE Reserved Quota को लागि आवेदन दिने आवेदकहरूले तोकिएको शुल्क सिद्धार्थ बैंकमा बुझाएको बैंक भौचर र निम्न अनुसारका कागजातहरू मिति २०७१/७/२१ गते विहान १०:०० बजेदेखि २०७१/७/२४ गते अपरान्ह ३:०० बजेसम्म कार्यालय समय भित्र क्याम्पस भर्ना समिति २०७१ को कार्यालय सूचना प्रविधि केन्द्रमा बुझाउनु पर्नेछ ।

- नियुक्ति पाई कार्यरत रहेको सम्बन्धित क्याम्पसको प्रमाणपत्र ।
- IOE Reserved Quota मा भर्नाको लागि इ. अ. सं. डीनको कार्यालयबाट सिफारिस पत्र ।

## ७. Sponsored Quota अन्तर्गत आवेदन सम्बन्धमा

Sponsored Quota अन्तर्गत आवेदन दिने आवेदन दिने आवेदकहरूले आवेदन शुल्क रु. २००/- सिद्धार्थ बैंक, पाटनढोका शाखामा रहेको यस क्याम्पसको खातामा बुझाएको सक्कल भौचर र निम्न अनुसारका कागजातहरू मिति २०७१/७/२१ गते विहान १०:०० बजेदेखि २०७१/७/२४ गते अपरान्ह ३:०० बजेसम्म कार्यालय समय भित्र भर्ना समिति २०७१ को कार्यालय सूचना प्रविधि केन्द्रमा बुझाउनु पर्नेछ ।

- कार्यरत संस्थाले प्रायोजन गर्ने पत्र ।
- प्रायोजन गर्ने संस्थाको संस्था दर्ता प्रमाणपत्र (सरकारी कार्यालय बाहेकका लागि)

Sponsored Quota मा भर्ना हुनका लागि आवश्यक २ बर्षको सम्पूर्ण शुल्क एकमुष्ठ चेकबाट भुक्तानी गर्नु पर्नेछ । यसरी चेकबाट भुक्तानी गर्दा प्रायोजक संस्थाको खाताबाट भुक्तानी हुनेगरी यस क्याम्पसको नाममा खिचिएको एकाउन्टपेयी चेक Good for Payment बाट मात्र स्वीकार्य हुनेछ ।

- Sponsored Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन गर्न पाइनेछ ।
- Sponsored Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वत: बाहिरिनेछ ।

विदेशी आवेदकहरूलाई Self Sponsored को रुपमा भर्ना गरिनेछ तथा Sponsored Quota मा भर्ना हुन आवेदन दिने आवेदकहरूको भर्नाको लागि नाम प्रकाशन गर्दा निम्न बमोजिम प्राथमिकता दिइनेछ ।

- पहिलो प्राथमिकता : सरकारी कार्यालयहरू
- दोस्रो प्राथमिकता : सरकारको स्वामित्व भएका संस्थानहरू
- तेस्रो प्राथमिकता : INGO/NGO सामुदायिक संघ संस्थाहरू
- चौथो प्राथमिकता : निजि कम्पनी

कुनै आवेदकले Sponsored तथा Regular वा / र Full Fee दुवैतर्फ आवेदन दिएको खण्डमा Sponsored सिटमा प्राथमिकता दिइनेछ ।

## ८. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरू

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्ना गर्न पाउने छैनन् । तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्किय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यहि नियम लागू हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरूको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पुर्णशुल्किय कार्यक्रममा प्रकाशित भएमा निज पुर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र अन्यथा निजको भर्ना खारेज हुनेछ । अत: पुर्णशुल्किय तथा नियमित कुनै पनि कार्यक्रममा नि:सन्देह भर्ना हुन चाहने आवेदकहरूलाई मात्र उक्त कार्यक्रमका लागि आवेदन दिन सतर्क गराइएको छ । भर्ना भइसकेपछि भर्ना भएकै कार्यक्रममा रही माथिल्लो प्राथमिकतामा नसर्ने भएमा आफू माथिल्लो प्राथमिकतामा नसर्ने भनि लिखित निवेदन दिनु पर्नेछ । आफुलाई इच्छा नलागेको कार्यक्रममा प्राथमिकता नभर्न तथा इच्छा लागेका कार्यक्रमहरूमा आफ्नो रूचीको प्राथमिकताक्रमानुसार आवेदन गर्न सूचित गरिन्छ ।

- Sponsored Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन गर्न पाइनेछ ।
- कुनै आवेदकले Sponsored तथा Regular र / वा Full-Fee दुवैतर्फ आवेदन दिएको छ भने Sponsored Quota को लागि प्राथमिकता दिइनेछ ।
- Sponsored Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः बाहिरिनेछ ।


## ९. <u>भर्ना हुन आउँदा ध्यान दिनुपर्ने कुराहरू</u>

- भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।
- कारणवश अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुन: भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरूको नाम निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूची पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार समावेश गरिनेछ ।
- भर्ना सूचीमा नाम प्रकाशित भई भर्ना भइसकेपछि कुनै पनि आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनी लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।
- <u>भर्ना हुन आउँदा Information Brochure on Entrance Examination and Admission for M.Sc. Programs at Pulchowk Campus 2071 को बुँदा **2.2.6** मा तोकिएअनुसारको भर्ना शुल्क र निम्न कागजातहरू संगै लिई तोकिएको मिति र समयभित्र आउनुपर्नेछ</u> ।
  - ✓ नेपाली नागरिकताको वा पासपोर्टको (विदेशीका लागि) सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति ।
  - ✓ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
  - ✓ एस. एल. सी. र उच्च माध्यमिक तह (10+2) वा सो सरहका परीक्षाका लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रहरूका सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।
  - ✓ स्नातक तह वा सो सरहको तहको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति । इ. अ. सं. अन्तर्गत स्नातक तह चौथो बर्ष प्रथम खण्डसम्म सबै विषयहरूमा उत्तीर्ण भई अन्तिम सेमेष्टरको परीक्षामा सम्मिलित भएको प्रमाणपत्र पेश गरेमा Provisional (अस्थायी) भर्नाको लागि योग्य हुनेछन् ।
  - ✓ त्रि. वि. बाहेक अन्य बोर्डबाट स्नातक तह उत्तीर्ण गर्नेहरूले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
  - ✓ IOE Reserved कोटामा आवेदन दिने आवेदकहरूले बुँदा नं ६ तथा Sponsored कोटामा आवेदन दिने आवेदकहरूले बुँदा नं ७ मा उल्लेखित कागजातहरू ।

भर्ना समिति २०७१
पुल्चोक क्याम्पस

# परिशिष्ट

## बैंक भौचर नमूना:



SiddharthaBank

DEPOSIT SLIP
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type: खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 00915019203

CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक स्विकृतको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Borrowings सापटी | Others (Please Specify) अन्य (कृपया खुलाउनु होला)

Deposited by जम्मा गर्ने Name नाम RAM CHANDRA CHAUDHARY Sign हस्ताक्षर
EXAM ROLL NO. 16026

Bank's copy